निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति : २०७६/८/९

काठमाडौं, मङ्सिर ९ ।

संवत् २०७६ साल मङ्सिर १४ गते सम्पन्न हुने प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहका सदस्यको उपनिर्वाचन सम्बन्धी विषयका सूचना, सन्देश सम्प्रेषण गर्ने सम्बन्धमा आज मिति २०७६ साल मङ्सिर ९ गते निर्वाचन आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाको संयोजकत्वमा माननीय निर्वाचन आयुक्तहरू नरेन्द्र दाहाल र इश्वरी प्रसाद पौड्यालका साथै सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा निर्वाचन आयोगका सचिव, नेपाल दुर सञ्चार प्राधिकरणका अध्यक्ष, सूचना तथा प्रसारण विभागका निर्देशक, गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष, राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष, नेपाल टेलिकमका प्रवन्ध निर्देशक, राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष, नेपाल टेलिभिजनका महाप्रवन्धक लगायतका उपस्थितिमा निर्वाचन आयोगमा बैठक बस्यो ।

उक्त बैठकमा उपनिर्वाचनको समग्र सूचना, सन्देश, समाचारको उच्च प्राथमिकताकासाथ प्रभावकारी संप्रेषणको विषयमा छलफल गरी देहाय बमोजिम निर्णय भएको छ ।

१. सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यमहरूले अनिवार्य रुपमा अग्र प्राथमिकताकासाथ आयोगबाट प्रवाह गरेका सूचना, सन्देश, बैठकका निर्णय, विज्ञप्ति, मतदाता शिक्षा तथा उपनिर्वाचनसँग सम्बन्धित गतिविधिहरूलाई सञ्चार माध्यमबाट अन्तर निकाय/मातहत निकायमा समन्वय एवम् सहजीकरण गरी प्रचार प्रसार एवम् संप्रेषण गर्न सहयोग गर्ने,

२. नेपाल दुरसञ्चार प्राधिकरणबाट नेपाल टेलिकम तथा अन्य सेवा प्रदायक संस्थाहरूसँग आवश्यक समन्वय गरी उपनिर्वाचन हुने जिल्ला, स्थानीय तह र मतदान केन्द्रहरूमा टेलिफोन तथा मोवाइल सेवा नियमित गराउन निर्देशन दिने र नियमित अनुगमन गरी कुनै समस्या उत्पन्न भए तत्काल समाधान गर्ने व्यवस्था मिलाउने,

३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले निजी सञ्चार माध्यम मार्फत निर्वाचन आयोगबाट सरोकारवाला समक्ष संप्रेषण गर्नुपर्ने सूचना तथा जानकारीलाई प्रकाशन, प्रशारण तथा संप्रेषण गर्न गराउन आवश्यक समन्वय र सहजीकरण गर्ने,

४. सञ्चार माध्यमहरुबाट निर्वाचन आचार संहिताको पालना गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समन्वय तथा निर्देशन गर्ने,

५. नेपाल टेलिकमको सेवा सुविधा उपनिर्वाचन हुने स्थान तथा केन्द्रमा २०७६ साल मङ्सिर ११ गतेदेखि निर्वाचनको मतपरिणाम घोषणा नभएसम्म अटुट रुपमा उपलब्ध गर्न गराउन मर्मत लगायतका सम्पूर्ण कार्य गर्नुपर्ने भए गरी चुस्त दुरुस्त रुपमा संचालन गर्न नेपाल टेलिकमले सम्बन्धित निकायसँगको समन्वयमा आवश्यक व्यवस्था मिलाउने ।

(राजकुमार श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np